# अनुगमन तथा सुपरिवेक्षण समितिको

# वार्षिक प्रगति प्रतिवेदन

# आर्थिक वर्ष २०८२/०८३



CamScanner

अपिहिमाल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

खण्डेश्वरी, दार्चुला



CamScanner

**प्रतिवेदन पेश गर्ने:**

**नरहरि सिंह ठेकरे**

## १. पृस्ठभूमि

### १.१. स्थानीय तहको संक्षिप्त परिचय




नेपालको सुदुरपश्चिम प्रदेशको दार्चुला जिल्लामा अवस्थित अपिहिमाल गाउँपालिका भौगोलिक हिसावले करिव ८०°५० देखि ८१°६ पूर्वी देशान्तर र २९°५० देखि उत्तर अक्षांशमा रहेको छ । करिव ६१३.९५ व.कि.मि. क्षेत्रफल रहेको गाउँपालिकाको पूर्वमा बझाङ जिल्ला, पश्चिमतिर नौगाड गाउँपालिका, दक्षिणमा मार्मा गाउँपालिका र उत्तरमा व्यास गाउँपालिका रहेको छ । अपिहिमाल गाउँपालिका मिति २०७३ फागुन २५ गते गाउँपालिका घोषणा गरिएको थियो । खण्डेश्वरी, घूसा, गुल्जर (नं.१) र सितोला (५-८) गाउँ विकास समितिहरु समेटेर जम्मा ६ वडा कायम गरिएको छ । यो गाउँपालिका दार्चुला जिल्ला सदरमुकाम देखि २३ कोष टाढा रहेको छ भने अझै पनि सडक यातायातले पालिका सदरमुकाम छुन सकेको छैन । आ.व. २०७८ को तथ्यांक अनुसार करिव ७०२३ जनसंख्या रहेको यस अपिहिमाल गाउँपालिकाको नामाकरण सुदुरपश्चिमकै अग्लो हिमाल अपिबाट राखिएको हो । यो गाउँपालिका भौगोलिक विकटतासँगै विविधता पनि रहेको छ । यस गाउँपालिकाको अधिकांश भागहरु हिमाल र पहाडले ओगटेको छ । प्राकृतिक र साँस्कृतिक रुपमा यो गाउँपालिका परिपूर्ण छ । अपि, नाम्पा, कापुचुली र जेठी बौरानी यस गाउँपालिकाको प्रमुख हिमालहरु हुन । जडीबुटीहरुले पनि सम्पन्न रहेको यस गाउँपालिकामा यार्सागुम्बा, पाँच औले, लसुन, कटुकी आदि महत्वपुर्ण जडीवुटीहरु पाईन्छन् र यो मुख्य आयस्रोतको लागि उपयोग गरिन्छ । मल्देशी चालचलन र सौका समुदायको परम्परा यहाँको मुख्य संस्कृतिको रुपमा रहेको छ तर हिन्दु धर्म मान्नेहरु कै बाहुल्यता यस गाउँपालिकामा रहेको छ । करिव १५ दिन लामो शुर्मा भवानीको जात्रा आफ्नै मुल्य मान्यता अनुसार धार्मिक आस्था भएका भक्तजनको भक्तिका साथ मनाउने गरिन्छ । यो जात्रा दार्चुला र बझाङको सिमानामा रहेको शुर्मा सरोवर काललाई देवीको प्रमुख स्थान मानेर पुजापाठ गर्ने परम्परा छ । जातजातिको रुपमा यो गाउँपालिकामा क्षेत्रीहरुको बाहुल्यता रहेको छ भने दलित र ब्राह्मणको पनि बसाई रहेको छ । यस क्षेत्रका बासिन्दाहरु मुख्यतया कृषि तथा पशुपालन पेशामा नै आश्रित रहेका छन् । मुख्य बालीनाली र गेडागुडीको रुपमा जौ, गहुँ, मकै, फापर, कोदो, मार्सी, आलु, सिमी आदि उत्पादन हुन्छ भने भेडा र बाख्रा पालन समेत गर्छन् । साक्षरताको हिसावले करिव ७२ % साक्षर रहेको छ तर अझै पनि रुढिवादी सोचको प्रभाव रहेको छ । गाउँपालिका भरि मात्र ४ वटा माध्यमिक विद्यालयहरु रहेको छ । क्षेत्तेली, डोटेली र अन्य मिश्रित भाषाको प्रयोग यस गाउँपालिकामा गरिन्छ ।

### १.२. विद्यमान अवस्थाको समिक्षा

अपिहिमाल गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०८० को दफा ५ (१) (क) ले पूर्वाधार विकास आयोजना (ख) ले चेतनामूलक, क्षमता

अभिवृद्धि र सीप विकास सम्वन्धी कार्यक्रम (ग) ले स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्धन गर्ने योजना र कार्यक्रमको अनुगमन गर्ने व्यवस्था गरेता पनि पूर्वाधार

विकास योजनाको मात्र अनुगमन हुने गरेको छ । नीतिगत व्यवस्था भए पनि समितिको समय तथा क्षमताका कारणले अनुगमन हुन सकेको छैन । भौगोलिक कठिनाईका कारणले पनि सहज रुपमा फिल्ड आवत जावत गर्न सकिने अवस्था छैन ।त्यही हुनाले सबै कार्यक्रमको अनुगमन गर्न नसकिएको अवस्था छ ।



CS CamScanner

क. **स्रोत साधनको प्राप्ति र प्रयोगका क्रममा स्वीकृत बजेट र समय तालिका कार्यान्वयनको अवस्था**

- अहिलेसम्म अनुगमन गरिएका योजनाहरुमा स्थानीय सामाग्री समय तालिका अनुसार संकलन भई प्रयोग गरेको पाईयो ।
- उपभोक्ता समिति मार्फत भएको काम समयमा सम्पन्न भएपनि ठेक्काबाट हुने काम समयमा सम्पन्न भएको छैन ।
- भौगोलिक विकटताको कारण र हावापानी प्रतिकुलताका कारण समय मिलाएर कार्य गर्न नसकेमा कामको परिणाम भनेको जस्तो छैन ।
- तालिम तथा स्वरोजगारमूलक कार्यक्रमको प्रभावकारीता सन्तोषजनक नरहेको देखिन्छ ।
- उद्यम विकास शाखाबाट गरिने तालिमको समय तालिका र प्रभावकारीताको अनुगमन गर्नु पर्ने देखिन्छ ।
- सबै प्रकारको कार्यक्रमको समय तालिका बनाएर लागु गर्नुपर्ने देखिन्छ ।
- प्रविधि हस्तान्तरण अन्तरगतका कार्यक्रममा स्वलगानी वारेमा लाभान्वित वर्ग जानकार नभएको देखिन्छ ।

**ख. अपेक्षित प्रतिफलहरु समयमै र लागत प्रभावकारीताको अवस्था**

- सबै जसो उपभोक्ता समितिहरुले निर्माण कार्य समय सिमाभित्र सम्पन्न गरेका छन् ।
- सबै योजनाहरुमा जनश्रमदानको कार्य पनि संझौता अनुसार भएको देखिन्छ ।
- योजनाको लागि विनियोजन गरिएको रकम सम्झौता अनुसार खर्च गरेको देखिन्छ ।
- स्थानीय उपभोक्ता समितिको माँगको आधारमा योजनामा बजेट विनियोजन गरिएकोले लागत अनुसारको काम डिजाइन स्टीमेट अनुसार सम्पन्न गरिएका छन् ।
- ठेक्काबाट निर्माण भएका काम समयमा सम्पन्न हुन सकेका छैनन् । नयाँ ठेक्काको कार्य संचालन गर्दा रणनीति बदल्नु देखिन्छ ।

- ठेक्काबाट निर्माण गरिने कार्यको गुणस्तर कायम गर्न अनिवार्य छ । यसको लागि पूर्वाधार शाखाका कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्नु पर्नेछ ।
- चेतनामुलक, क्षमता अभिबृद्धि र सीप विकास सम्बन्धी कार्यक्रमको प्रभावकारीता र प्रतिफल सुधारयोग्य छ र यी कार्यक्रम वारे समुदायस्तरको बुझाइ सकारातमक छैन



- । ।
- कृषि तथा आयमूलक कार्यक्रमको तालिम मौसम र समयानुकुल संचालन हुन सकेको देखिदैन । यो वारेमा गाउँपालिकाको कृषि शाखाले कार्ययोजना बनाई कार्य गर्नु पर्नेछ ।
- गाउँपालिकाबाट संचालन गरिने सबै तालिमको सार्वजनिक लेखा परिक्षण अनिवार्य गर्नुपर्ने छ ।
- समुदायलाई वितरण गरिने प्रविधि हस्तान्तरणको नीति स्पष्ट बनाउनु पर्नेछ । हस्तान्तरित प्रविधिको उपयोगको अवस्था र त्यसको प्रतिफल वारे जानकारी लिन नियमित अनुगमनको संयन्त्र बनाउनु अति आवश्यक देखिएको छ ।
- सुदूरपश्चिम प्रदेश सरकार वित्तीय हस्तान्तरण कार्यक्रमबाट निर्माण गरिएका योजना तथा लागु गरिएका कार्यक्रमको अपेक्षित प्रतिफल वारे विस्तृत रुपमा अध्ययन गर्नुपर्ने देखिन्छ ।
- समुदायको स्वलगानीमा निर्माण गरिने संरचना तथा अनुदानमा आधारित प्रविधि र विउ, बोट, बोका, भेडा, थुमा, बाख्रा र अन्य प्रविधियुक्त सामान वितरण कार्यक्रमको लागि स्पष्ट विधि बनाउन आवश्यक देखिन्छ । किनभने न्यूनतम आधार तयार नभएकोले निर्णयको आधारमा वितरण गरेको देखिन्छ जसले तेस्ता कार्यक्रमको प्रतिफल आशातित छैन ।

**ग. कार्यान्वयनकर्ताको कार्यदक्षता र तत्परताको अवस्था**

- उपभोक्ता समितिमा कार्यतालिका बनाएर कार्य गर्ने दक्षताको अभाव देखियो ।
- सबै उपभोक्ता समितिभित्र दक्ष र अदक्ष कामदारको प्रयाप्त उलब्धता रहेकोले योजना कार्यान्वयन राम्रोसंग भएको छ ।
- बस्तीस्तरको माँगको आधारमा पूर्वाधार विकास योजना वितरण गरिएकोले कार्यमा समुदायको उत्साह जनक तत्परता रहेको छ ।
- समयमा काम सकेर भुक्तानी लिनका लागि उपभोक्ताको समयमा काम सम्पन्न गर्ने तत्परता राम्रो रहेको छ ।
- ठूला ठेक्काको विस्तृत परियोजना प्रतिवेदन अनुसार गूणस्तरीय हिसाबले कार्य सम्पन्न गर्न गाउँपालिकाको प्राविधिकको क्षमता अभिबृद्धि अनिवार्य रुपले गर्नु पर्नेछ ।

- कृषि र सीप विकास सम्बन्धी कार्यक्रम डिजाइन गर्दा ज्ञानको अभाव तथा अन्तर शाखा समन्वयको अभावले गर्दा कृषि विकास शाखा र लघु उद्यम शाखाबाट सम्पन्न गरिएका कार्यक्रमहरुको प्रतिफल सन्तोषजनक नदेखिएकोले कार्य दक्षता बढाउनु पर्ने देखिन्छ ।
- हरेक शाखाबाट संचालन गरिने तालिमको खर्चहरु भुक्तानी गर्दा सम्बन्धित व्यवसायी र लाभग्राहीको खातामा गर्दा तालिमको पारदर्शिता अझ विश्वसिलो हुने देखिन्छ ।
- सुदूरपश्चिम प्रदेश सरकार वित्तीय हस्तान्तरण अन्तरगत निर्माण गरिएका योजनाहरुमा सिधै वोलपत्र मार्फत निर्माण गरिएको भएतापनि समयमा सम्झौता हुन नसकेकाले आर्थिक वर्ष समासिको बेला कामको चाप बढेको देखिन्छ । उपभोक्ता समिति वा बोलपत्र जुन माध्यमबाट गरिए पनि समयमा गर्नुपर्ने देखिन्छ ।

## २. अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी व्यवस्था

नेपालको संविधान, २०७२ को भाग ५ मा संघीयता सम्बन्धी व्यवस्था गरेको छ । त्यो भन्दा पहिला विकेन्द्रीकरणको व्यवस्था गरेतापनि शासकीय स्वरुप केन्द्रीकृत थियो । नेपालको संविधान, २०७२ जारी भएसंगै स्थानीय सरकार संचालन ऐन, २०७४ को मार्ग निर्देशन अनुसार गाउँपालिकाले विभिन्न कार्यविधि बनाई लागु गरेर स्थानीय सरकार संचालन गरेको छ ।

### २.१. नीतिगत व्यवस्था

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ को उपदफा (४) खण्ड (ख) को ५ मा योजना अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी व्यवस्था गरेको ।
- स्थानीय सरकार योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा १०.४ (ग) मा व्यवस्था गरेको ।
- अपिहिमाल गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिको कार्य संचालन कार्यविधि, २०८० (गाउँ कार्यपालिबाट स्वीकृत मिति २०८०।०१।२७)

### २.२. संरचनागत व्यवस्था

**क.** गाउँपालिकास्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समिति

| सि.नं | पदाधिकारीको नाम | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | देवकी देवी बोहरा | उपाध्यक्ष/संयोजक | ९८६८९६१५६७ | |
| २ | लोकेन्द्र बहादुर विष्ट | प्रमुख प्रशासकीय अधिकृत/सदस्य | ९८५१२१८७०० | |
| ३ | सुर्जना धामी | कार्यपालिका सदस्य/सदस्य | ९७४८८५२९११ | |
| ४ | राईमति ठेकरे | कार्यपालिका सदस्य/सदस्य | ९८६५७७३५९८ | |
| ५ | नरहरि सिंह ठेकरे | योजना अधिकृत/सदस्य सचिव | ९८५८७८७३२२ | |

**ख.** वडास्तरीय योजना अनुगमन तथा सुपरिवेक्षण समिति

**वडा नः १**

| सि.नं | पदाधिकारीको नाम | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | पोखर सिंह लोथ्याल | वडा अध्यक्ष/संयोजक | ९८६८८१०७६१ | |
| २ | विन्ता जागरी | वडा सदस्य/सदस्य | ९८४२१८९४८८ | |
| ३ | खडक सिंह जागरी | वडा सदस्य/सदस्य | ९८६५७७६१८४ | |
| ४ | विक्रम सिंह जागरी | वडा सदस्य/सदस्य | ९८६५९८१२५८ | |
| ५ | जयप्रकाश लोथ्याल | प्राविधिक/सदस्य | ९८६८९४२८९३ | |
| ६ | अकवर सिंह जागरी | वडा सचिव/सदस्य सचिव | ९८६६५०७१२३ | |

**वडा नः २**

| सि.नं | पदाधिकारीको नाम | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | राम सिंह धामी | वडा अध्यक्ष/संयोजक | ९८६४३०२९७२ | |
| २ | राम सिंह धामी | वडा सदस्य/सदस्य | ९८६०६४७७५५ | |
| ३ | सुर्जना धामी | वडा सदस्य/सदस्य | ९७४८८५२९११ | |
| ४ | गगन सिंह धामी | वडा सदस्य/सदस्य | ९८६५८७०४३३ | |
| ५ | रोशन बोहरा | वडा सचिव/सदस्य सचिव | ९७४१८५५३३८ | |

**वडा नः ३**

| सि.नं | पदाधिकारीको नाम | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | गगन सिंह कार्की | वडा अध्यक्ष/संयोजक | ९८६९५६५७१३ | |
| २ | जिवनी ठेकरे | वडा सदस्य/सदस्य | ९८४८४९२०२४ | |
| ३ | सोभा टमटा | वडा सदस्य/सदस्य | ९८४७५२०५४६ | |
| ४ | गीता देवी रोकाय | वडा सदस्य/सदस्य | ९८६५९०२९९६ | |
| ५ | गमन सिंह कार्की | वडा सदस्य/सदस्य | ९८४०२१२८४८ | |
| ६ | दीपक जोशी | वडा सचिव/सदस्य सचिव | ९८६८७४८९७८ | |

**वडा नः ४**

| सि.नं | पदाधिकारीको नाम | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | रविन्द्र सिंह बोहरा | वडा अध्यक्ष/संयोजक | ९८६५९०२५३७ | |
| २ | राइमती ठेकरे | वडा सदस्य/सदस्य | ९८६५७७३५९८ | |
| ३ | अस्मती टमटा | वडा सदस्य/सदस्य | ९७४८८७७५०१ | |
| ४ | चिन्ते धामी | वडा सदस्य/सदस्य | ९७४८२४६७२३ | |
| ५ | राम प्रसाद जोशी | वडा सदस्य/सदस्य | ९८४३४१०९२४ | |
| ६ | विरेन्द्र सिंह ठेकरे | प्राविधिक/सदस्य | ९८६८८८००९३ | |

| | | | | |
|---|---|---|---|---|
| ७ | दुर्गा सिंह | वडा सचिव/सदस्य सचिव | ९८६८९३६८८१ | |

**वडा नः ५**

| सि.नं | पदाधिकारीको नाम | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | राजेन्द्र सिंह धामी | वडा अध्यक्ष/संयोजक | ९८६५९८२०५९ | |
| २ | माता देवी ठगुन्ना | वडा सदस्य/सदस्य | ९८६३११३४७० | |
| ३ | शान्ती टमटा | वडा सदस्य/सदस्य | ९८६४७७३२१९ | |
| ४ | नारद सिंह धामी | वडा सदस्य/सदस्य | ९८६८७३८०८६ | |
| ५ | धन सिंह धामी | वडा सदस्य/सदस्य | ९८६९४३०३१८ | |
| ६ | मेनका अवस्थी | वडा सचिव/सदस्य सचिव | ९८४०५०१७३७ | |

**वडा नः ६**

| सि.नं | पदाधिकारीको नाम | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | धर्म सिंह धामी | वडा अध्यक्ष/संयोजक | ९८६५९६४५३० | |
| २ | जमुना देवी बुढाथोकी | वडा सदस्य/सदस्य | ९८४८४०५६३२ | |
| ३ | जसिमा टमटा | वडा सदस्य/सदस्य | ९७४२३७४८२५ | |
| ४ | दिलिप सिंह महता | वडा सदस्य/सदस्य | ९८४८९९२८९९ | |
| ५ | नरेश सिंह धामी | वडा सदस्य/सदस्य | ९८४९७४०१७५ | |
| ६ | उमेश डगौरा चौधरी | वडा सचिव/सदस्य सचिव | ९८६४९००८६७ | |

## ३. उद्देश्य

- कार्यतालिका अनुसार काम भए नभएको एकीन गर्नु ।
- तोकिएको कामको समय लागत र गुणस्तर कायम गर्नु ।
- कार्यान्वयनको क्रममा भएका गल्ती वा कमजोरी तत्काल सुधार गर्नु ।
- डिजाइन वा कार्यान्वयनमा भएका गल्ती सुधार गरी सार्वजनिक कोषको अपव्यय हुनबाट रोक्नु ।
- आ.व.को अन्तिममा हुने विकास कार्यलाई सुधार गरी समयमै सम्पन्न गराउनु ।

## ४. गरिएका मुख्य क्रियाकलापहरु

### ४.१. चालु आ. व. मा हालसम्म अनुगमन गरिएका योजनाहरुको विवरण

### क. पूर्वाधार विकास आयोजना

उपभोक्ता समिति तथा ठेक्काबाट संचालन गरिएका ठूला योजनाहरुको नियमित अनुगमन हुने गरेको छ । वडा अनुगमन समितिबाट वडामा संचालित पूर्वाधार विकासका कार्यक्रमहरुको नियमित रुपमा अनुगमन हुने गरेकोले निर्माण कार्य सन्तोष जनक ढंगले सम्पन्न हुने गरेको छ । संझौता अनुसार

काम नगरेमा भुक्तानी हुँदैन भन्ने सूचना प्रवाह भएकाले संझौता अनुसार काम सम्पन्न गर्न प्रतिबद्ध रहेका छन् ।

## १. आयोजना तथा कार्यक्रमको प्रक्रिया तथा नतिजा अनुगमनको ढाँचा

### उपभोक्ता समिति मार्फत निर्माण गरिएका

| आयोजना र कार्यक्रम विवरण | अनुगमनका न्यूनतम सूचकहरु | अनुगमनको विधि | सूचनाको श्रोत | अनुगमनको समय | अनुगमन गर्ने जिम्मेवारी |
|---|---|---|---|---|---|
| घुसा मादेउ मण्डप निर्माण | भौतिक श्रोत र उपकरणः नियमानुसार प्रयोग भएको | समितिले फिल्ड गई निरीक्षण गरेको | आयोजनाको डिजाइन स्टीमेट र निर्माण गरिएको मन्दिर | काम सम्पन्न पश्चात् | पालिका स्तरीय अनुगमन समिति |
| | मानवीय श्रोतः स्थानीय स्तरको प्रयोग भएको | | | | |
| | समय सीमाः समयभित्र सम्पन्न भएको | | | | |
| | उपलब्धी र गुणस्तरः मन्दिर गुणस्तरीय हिसाबले सम्पन्न भएको | | | | |
| सकार बाल विकास भवन निर्माण | भौतिक श्रोत र उपकरणः नियमानुसार प्रयोग भएको | समितिले फिल्ड गई निरीक्षण गरेको | आयोजनाको डिजाइन स्टीमेट र निर्माण गरिएको भवन | काम सम्पन्न पश्चात् | पालिका स्तरीय अनुगमन समिति |
| | मानवीय श्रोतः स्थानीय स्तरको प्रयोग भएको | | | | |
| | समय सीमाः समयभित्र सम्पन्न भएको | | | | |
| | उपलब्धी र गुणस्तरः दुई कोठे भवन निर्माण भएको | | | | |
| | भौतिक श्रोत र उपकरणः नियमानुसार प्रयोग भएको | समितिले फिल्ड गई निरीक्षण गरेको | आयोजनाको डिजाइन स्टीमेट र निर्माण गरिएको | काम सम्पन्न पश्चात् | पालिका स्तरीय अनुगमन समिति |
| | मानवीय श्रोतः स्थानीय स्तरको प्रयोग भएको | | | | |
| | समय सीमाः समयभित्र सम्पन्न भएको | | | | |
| | उपलब्धी र गुणस्तरः भवन निर्माण भएको । | | | | |
| देउपाण मण्डप निर्माण | भौतिक श्रोत र उपकरणः नियमानुसार प्रयोग भएको | समितिले फिल्ड गई निरीक्षण गरेको | आयोजनाको डिजाइन स्टीमेट र ढलान गरिएको मण्डप | काम सम्पन्न पश्चात् | पालिका स्तरीय अनुगमन समिति |
| | मानवीय श्रोतः स्थानीय स्तरको प्रयोग भएको | | | | |
| | समय सीमाः समयभित्र सम्पन्न भएको | | | | |
| | उपलब्धी र गुणस्तरः मन्दिर निर्माण सम्पन्न भएको | | | | |
| खोलाघर गेट निर्माण | भौतिक श्रोत र उपकरणः नियमानुसार प्रयोग भएको | समितिले फिल्ड गई | आयोजनाको डिजाइन | काम सम्पन्न पश्चात् | पालिका स्तरीय |

| | | | | | |
|---|---|---|---|---|---|
| | मानवीय श्रोतः स्थानीय स्तरको प्रयोग भएको<br>समय सीमाः समयभित्र सम्पन्न भएको<br>उपलब्धी र गुणस्तरः गेट निर्माण सम्पन्न भएको | निरीक्षण गरेको | स्टीमेट र निर्माण गरिएको गेट | | अनुगमन समिति |
| खोलाघर गेट निर्माण, घाजिर | भौतिक श्रोत र उपकरणः नियमानुसार प्रयोग भएको<br>मानवीय श्रोतः स्थानीय स्तरको प्रयोग भएको<br>समय सीमाः समयभित्र सम्पन्न भएको<br>उपलब्धी र गुणस्तरः गेट निर्माण भएको | समितिले फिल्ड गई निरीक्षण गरेको | आयोजनाको डिजाइन स्टीमेट र निर्माण गरिएको गेट | काम सम्पन्न पश्चात् | पालिका स्तरीय अनुगमन समिति |
| भुकावन पदमार्ग निर्माण | भौतिक श्रोत र उपकरणः नियमानुसार प्रयोग भएको<br>मानवीय श्रोतः स्थानीय स्तरको प्रयोग भएको<br>समय सीमाः समयभित्र सम्पन्न भएको<br>उपलब्धी र गुणस्तरः बाटो निर्माण भएको । | समितिले फिल्ड गई निरीक्षण गरेको | आयोजनाको डिजाइन स्टीमेट र निर्माण गरिएको | काम सम्पन्न पश्चात् | पालिका स्तरीय अनुगमन समिति |
| चौकीबगर बर्थिङ सेण्टर घेर पर्खाल निर्माण | भौतिक श्रोत र उपकरणः नियमानुसार प्रयोग भएको<br>मानवीय श्रोतः स्थानीय स्तरको प्रयोग भएको<br>समय सीमाः समयभित्र सम्पन्न भएको<br>उपलब्धी र गुणस्तरः घेर पर्खाल निर्माण सम्पन्न भएको | समितिले फिल्ड गई निरीक्षण गरेको | आयोजनाको डिजाइन स्टीमेट र ढलान गरिएको वाल | काम सम्पन्न पश्चात् | पालिका स्तरीय अनुगमन समिति |
| चौकीबगर मज्जे सितोला होपरी सडक | भौतिक श्रोत र उपकरणः नियमानुसार प्रयोग भएको<br>मानवीय श्रोतः स्थानीय स्तरको प्रयोग भएको<br>समय सीमाः समयभित्र सम्पन्न भएको<br>उपलब्धी र गुणस्तरः वाल निर्माण सम्पन्न भएको | समितिले फिल्ड गई निरीक्षण गरेको | आयोजनाको डिजाइन स्टीमेट र निर्माण गरिएको वाल | काम सम्पन्न पश्चात् | पालिका स्तरीय अनुगमन समिति |
| रेला ओखल सडक मर्मत | भौतिक श्रोत र उपकरणः नियमानुसार प्रयोग भएको<br>मानवीय श्रोतः स्थानीय स्तरको | समितिले फिल्ड गई निरीक्षण | आयोजनाको डिजाइन स्टीमेट र | काम सम्पन्न पश्चात् | पालिका स्तरीय अनुगमन |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रयोग भएको<br>समय सीमाः समयभित्र सम्पन्न भएको<br>उपलब्धी र गुणस्तरः सडक मर्मत कार्य सम्पन्न भएको | गरेको | निर्माण गरिएको सडक | | समिति |
| मल्लो सौगन्ना पिसीसी बाटो निर्माण | भौतिक श्रोत र उपकरणः नियमानुसार प्रयोग भएको<br>मानवीय श्रोतः स्थानीय स्तरको प्रयोग भएको<br>समय सीमाः समयभित्र सम्पन्न भएको<br>उपलब्धी र गुणस्तरः बाटो निर्माण भएको । | समितिले फिल्ड गई निरीक्षण गरेको | आयोजनाको डिजाइन स्टीमेट र निर्माण गरिएको | काम सम्पन्न पश्चात् | पालिका स्तरीय अनुगमन समिति |
| धंकं सिचाई निर्माण | भौतिक श्रोत र उपकरणः नियमानुसार प्रयोग भएको<br>मानवीय श्रोतः स्थानीय स्तरको प्रयोग भएको<br>समय सीमाः समयभित्र सम्पन्न भएको<br>उपलब्धी र गुणस्तरः पाइप सिचाई निर्माण सम्पन्न भएको | समितिले फिल्ड गई निरीक्षण गरेको | आयोजनाको डिजाइन स्टीमेट र ढलान गरिएको पाइप सिचाई | काम सम्पन्न पश्चात् | पालिका स्तरीय अनुगमन समिति |

## बोलपत्र मार्फत निर्माण कार्य सम्पन्न गरिएका आयोजना

| | | | | |
|---|---|---|---|---|
| १ | कृषि प्रर्दनशरी केन्द्र निर्माण | वडा नं.-४ | सम्पन्न | 3207173 |
| २ | अपिहिमाल गाउँपालिका प्रवेश द्वार | वडा नं.-५ | सम्पन्न | 864198 |
| ३ | विभिन्न छ ठाउँमा दुई कोठे विद्यालय भवन निर्माण | वडा नं.-१,४,६ | सम्पन्न | 10296847 |
| ४ | खणडेश्वरी मा.वि. विद्यालय निर्माण | वडा नं.-४ | सम्पन्न | 37730969 |
| ५ | छिपुलकेदार धार्मिक तथा पुरातात्विक मन्दिर निर्माण | वडा नं.-६ | सम्पन्न | २९४३२२२ |
| ६ | हाईअल्टिच्युड साहसिक पर्यटन रंगशाला निर्माण आयोजना | वडा नं.-४ | निर्माणाधीन | 50643635 |
| ७ | दश शैय्या आधारभूत अस्पताल निर्माण | वडा नं.-४ | सम्पन्न | 103329419 |
| **जम्मा** | | | | **209015463** |

| ख. | कोटेशन समबन्धी योजनाहरु | | | |
|---|---|---|---|---|
| १ | ऊन प्रशोधन केन्द्र स्थापना | वडा नं.-४ | सम्पन्न | ८५८०१६ |
| २ | दरमानी पारीईजर सामुद्दायिक वन घेरापर्खाल निर्माण | वडा नं.-६ | सम्पन्न | 881422 |
| ३ | रिगुर देउली मर्कण्डे गुफा हुदै चरिमटेला धार्मिक तिर्थस्थल सिपुतालसम्म पर्यटकीय पदमार्ग | वडा नं.-६ | सम्पन्न | 843997 |
| ४ | सितोला खान देखि ईयरकोट सम्म पदमार्ग निर्माण | वडा नं.-६ | सम्पन्न | 881118 |
| ५ | सितोला पारीइजर देखि राप्ला सम्म पदमार्ग निर्माण | वडा नं.-६ | सम्पन्न | 881490 |
| ६ | धनबोरा झुस्कु पदमार्ग निर्माण | वडा नं.-३ | सम्पन्न | 840650 |
| ७ | नके देखि ल्वाथि सम्म पदमार्ग | वडा नं.-१ | सम्पन्न | 852677 |
| ८ | मादेउ फागला देखि काँटै सम्म पदमार्ग | वडा नं.-३ | सम्पन्न | 854357 |
| ९ | लिथि देखि देउचुला सम्म पर्यटकीय पदमार्ग | वडा नं.-२ | सम्पन्न | 855771 |
| १० | तल्लो सीमार देखि मल्लो सीमार घोरेटो बाटो निर्माण | वडा नं.-१ | सम्पन्न | 1454708 |
| ११ | पाथा घट्टेखोला लाघुजल विधुतका क्षेतिग्रस्त साईटमा तटवन्ध निर्माण | वडा नं.-३ | सम्पन्न | 1300574 |
| १२ | कटेलिगाड सामुदायिक वन घेरापर्खाल निर्माण | वडा नं.-४ | सम्पन्न | 1453661 |
| १३ | मकरिगाड देखि दहिभात पदमार्ग निर्माण | वडा नं.-२ | सम्पन्न | 1453035 |
| १४ | राताभीटा वस्ती संरक्षण | वडा नं.-३ | सम्पन्न | 1289235 |
| १५ | धनबोरा स्टिल ट्रसको स्टिल पाट्र्स खरिद | वडा नं.-३,२ | सम्पन्न | 1502221 |

| | | | | |
|---|---|---|---|---|
| १६ | पाटु/घुसा स्वास्थ्य चौकी प्रिफ्याव निर्माण | वडा नं.-२ | सम्पन्न | 1648249 |
| १७ | वार्थिङ सेन्टर शुद्धिकरण कार्यक्रम | वडा नं.-१ | सम्पन्न | 645810 |
| १८ | विभिन्न विश्यालायामा सुरक्षा पर्खाल | वडा नं.-१,४,६ | सम्पन्न | 846867 |
| १९ | रेला देखि मकरीगाड सम्म सडक मर्मत | वडा नं.-५ | सम्पन्न | 946075 |
| २० | खानेपानी तथा शौचालय निर्माण | वडा नं.-१ | सम्पन्न | 1608244 |
| २१ | अपिवेश क्याम्पमा विश्राम स्थल निर्माण | वडा नं.-१ | सम्पन्न | 1465923 |
| २२ | अपिबेश क्याम्पमा शौचालयको लागि सोलार हिटर जडान | वडा नं.-१ | सम्पन्न | 416000 |
| २३ | सेलाबिस देखि मकरिगाड सम्मको सडक खण्ड सफाई, मर्मत तथा निर्माण | वडा नं.-५ | सम्पन्न | 777986 |
| २४ | अपिवेश क्याम्पमा क्याम्पिङ साईट निर्माण | वडा नं.-१ | सम्पन्न | 990071 |
| | **जम्मा** | | | **२५५४८१५७** |

### २. चेतनामुलक, क्षमता अभिबृद्धि र सीप विकास सम्बन्धी कार्यक्रम

गत वर्ष जस्तै यो वर्ष पनि यस्तो कार्यक्रमको अनुगमन गरिएको छैन । यी कार्यक्रमहरुको आगामी वर्षमा अनुगमन गर्नु अति जरुरी देखिएको छ । किनभने यस्ता कार्यक्रममा गरिएका लगानीको प्रतिफल कस्तो रहेको छ भन्ने मापन गरिएको छैन । कुनै खालको क्रस चेक नभएकोले स्वयं खर्च गर्ने व्यक्तिको प्रतिवेदनको आधारमा भुक्तानी दिइरहेको अवस्था छ । साथै यी कार्यक्रमहरुको प्रतिफल कस्तो रहेको छ मापन गर्ने कुनै आधार रहेको देखिदैन ।

### ३. स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्धन गर्ने योजना र कार्यक्रम

गत वर्ष जस्तै यो वर्ष पनि यस अन्तर्गतका कार्यक्रमहरुको अनुगमन गरिएको छैन । गाउँपालिकाबाट संचालन गरिएका तालिमहरुको अनुगमन गर्नु अनिवार्य छ । तालिम पश्चात कस्तो प्रगति भयो वा प्रतिफल कस्तो छ भनेर मापन गर्न पनि अनुगमन गर्नु पर्ने देखिन्छ । विगत ५ वर्षमा सम्पन्न कार्यक्रमको प्रगतिको वारेमा यस्तो तथ्यांक राखेको छैन ।

## ४.२. भुक्तानीको लागि सिफारीस

| सि.न | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | घुसा मादेउ मण्डप निर्माण | वडा नं २, घुसा | |
| २ | देउपाण मण्डप निर्माण | वडा नं ३, घाजिर | |
| ३ | सकार बाल विकास भवन निर्माण | वडा नं २, सकार | |
| ४ | मल्लो सौगन्ना पिसीसी बाटो निर्माण | वडा नं ५ सौगन्ना | |
| ५ | खोलाघर गेट निर्माण, घाजिर | वडा नं ३, घाजिर | |
| ६ | भुकावन पदमार्ग निर्माण | वडा नं ३, थुम्ती | |
| ७ | धंकं सिचाई निर्माण | वडा नं ६, धंकं | |

## ५. कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि अवलम्बन गरिएका उपायहरु

- चिसोले सिमेन्ट सेटमा समस्या हुने क्षेत्रमा पहिला गिट्टी र बालुवा संकलनको काम गरि सक्ने र मौसम अनुकुल भएपछि सिमेन्टको काम गर्ने ।
- 
- मन्दिर निर्माणमा केही स्थानीय मुल्य मान्यता रहेकाले अनुकुल परिस्थिति आउने बित्तिकै निर्माण कार्य सम्पन्न गर्ने ।
- उपभोक्ता समितिभित्र बैठक गरेर निर्णय लेख्न सक्ने र खर्चको हिसाब राख्न सक्ने व्यक्तिको अभाव भएकोले समुहको बैठक गरेर खर्चको हिसाब मिलानमा सामाजिक परिचालक र प्राविधिक कर्मचारीले सहयोग गरि रहेका छन् ।
- तालिम, भ्रमण र गोष्ठी जस्ता कार्यक्रम सकभरसम्म कम गर्ने र गर्नै परेमा त्यसको प्रतिफल मापन गर्न सकिने खालको इन्डीकेटर तयार गरेर शर्तनामा गराएर स्वीकृत गर्ने अधिकारीबाट संचालनको अनुमति दिनु पर्ने देखिन्छ तर त्यो हुन सकेको छैन ।
- ठेक्काबाट स्चालन गरिने पूर्वाधार विकास कामको लागि भदौ महिनामाभित्र ठेक्का खोल्ने नीति बनाएको भएपनि त्यो लागु हुन सकेको छैन ।
- अपिहिमाल गाउँपालिकाले गत वर्ष जारी गरेको **अपिहिमाल गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०८०** को दफा १३ र १४ मा चेतनामूलक, क्षमता अभिवृद्धि र सीप विकास सम्वन्धी कार्यक्रम तथा स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्धन गर्ने योजना र कार्यक्रमको अनुगमन गर्ने व्यवस्था गर्नुको साथै ऐ कार्यविधिको अनुसूची ४ र ५ मा प्रतिवेदनको समेत व्यवस्था गरेको छ । तर यस्ता कार्यक्रमहरुको अनुगमन गरिएको छैन ।

## ६. अनुगमन समितिको सल्लाह सुझाव

- गाउँपालिकाबाट कार्यान्वयन गरिने योजना तथा कार्यक्रमको लागत अनुमान तथा ड्रइङ गर्ने कार्य श्रावण महिनाभित्र सम्पन्न गर्ने ।
- भदौ महिनाभित्र उपभोक्ता समितिहरु गठन गरि सक्ने र लागत अनुमानको वारेमा समितिमा छलफल गर्ने ।

- असोज महिनाभित्र सबै उपभोक्ता समितिलाई सामाजिक परिचालक र प्राविधिकसहित आवश्यक तालिम दिने र संझौताको कार्य सम्पन्न गर्ने ।
- कार्तिक महिनादेखि निर्माण कार्य शुरु गर्ने ।
- भौगोलिक बनावट अनुसार बैशाख महिनाभित्र सबै निर्माण कार्य सम्पन्न गर्ने ।
-
- ठेक्काबाट निर्माण गरिने योजनाको हकमा भदौ महनाभित्र ठेक्का खोली सक्ने ।



- कार्तिक महिनाभित्र ठेकेदारसंग सम्झौता गरि मंसीर देखि अनिवार्य रुपमा कार्य संचालन गर्ने ।
- कृषि शाखाको सेवा प्रवाह तथा फिल्डस्तरको प्रगति कम देखिएकोले नयाँ रणनीति बनाएर आगामी वर्षको कार्यक्रमको कार्ययोजना बनाउने ।
- चेतनामूलक, क्षमता अभिवृद्धि र सीप विकास सम्वन्धी कार्यक्रम तथा स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्धन गर्ने योजना र कार्यक्रमको अनुगमन तालिका बनाएर भरसकसम्म हरेक कार्यक्रमको अनिवार्य रुपमा अनुगमन गर्ने व्यवस्था मिलाउने ।
- कृषि, पशु तथा उद्यम विकास शाखाको लाभग्राही संख्याको एकिन तथ्यांक सम्पर्क नम्बर सहित सार्वजनिक गर्ने र लाभाग्राहीको ग्रगति विवरण मूल्याकन गर्ने ।
- चेतनामूलक, क्षमता अभिवृद्धि र सीप विकास सम्वन्धी कार्यक्रम तथा स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्धन गर्ने योजना र कार्यक्रमको प्रतिफलको अवस्था मापन गर्ने इण्डिकेटर तयार गरी अवस्था विश्लेशषण गर्नुपर्ने ।
- चेतनामूलक, क्षमता अभिवृद्धि र सीप विकास सम्वन्धी कार्यक्रम तथा स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्धन गर्ने योजना र कार्यक्रमको भुक्तानी गर्दा लाभग्राहीको सम्पर्क नम्बर, सो कार्यक्रमको लागि विनियोजित बजेटलाई ब्यानरको साइजमा मार्करले लेखी लाभग्राही माझ सार्वजनिक गरिएको फोटो र केही लाभग्राहीलाई क्रस चेकिङ पश्चात मात्र आर्थिक प्रशासन शाखाले भुक्तानी गर्ने व्यवस्था गर्नुपर्ने छ ।
- समग्रमा अनुगमनलाई प्रभावकारी ढंगले गर्न, गराउन सबै शाखा र वडा कार्यालयले सहयोग गर्ने ।
- हरेक योजनामा वडा प्राविधिकले अनिवार्य नियमित रुपमा सुपरिवेक्षण गर्ने र उपभोक्ता समितिले सल्लाह नमानेमा आफुभन्दा माथिल्लो तहमा जानकारी गराउने ।
- खण्डेश्वरी मा.वि.मा निर्माण भइरहेको विद्यालय भवन साइडमा वडा प्राविधिकलाई हरेक दिन अनिवार्य उपस्थिति गराउनु पर्ने देखिन्छ ।
- अहिलेसम्म पूर्वाधार विकासका योजनाहरुको मात्र गाउँपालिका तथा वडाबाट अनुगमन भइरहेको र आगामी वर्षदेखि चेतनामूलक, क्षमता अभिवृद्धि र सीप विकास सम्वन्धी कार्यक्रम

तथा स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्धन गर्ने योजना र कार्यक्रमको समेत अनुगमन गर्ने अनिवार्य व्यवस्था गर्नुपर्ने देखिन्छ ।



- 
- पदमार्ग निर्माण गर्दा माटो खन्ने काम मात्र दिएकोले निर्माण भएको एक वर्ष भित्रै निर्माण गरिएको संरचना पुनः बनाउनु पर्ने अवस्था सिर्जना हुन सक्ने देखिएकोले आगामी दिनमा निर्माण तयार गरिने डिजाइन स्टीमेटमा पुनर्विचार गर्नुपर्ने देखिन्छ ।
- पूर्वाधार योजना निर्माण गर्दा उपभोक्ता समिति र निर्माण कम्पनीलाई सहज वातावरण बनाउनु पर्ने देखिन्छ ।

## ७. निस्कर्ष

समग्रगमा उपभोक्ता समितिबाट संचालित पूर्वाधार विकास योजनाहरुको प्रगति ठिकै देखिएको छ । बोलपत्र र कोटेसन मार्फत संचालित योजनाहरुको प्रगति सुधार गर्नु पर्ने देखिएको छ । यसमा पूर्वाधार शाखाको प्राविधिक कर्मचारीको क्षमता अभिवद्धि तथा समन्वय गर्ने रणनीतिमा सुधार गर्नुपर्ने छ । चेतनामूलक, क्षमता अभिवृद्धि र सीप विकास सम्वन्धी कार्यक्रम तथा स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्धन गर्ने योजना र कार्यक्रमको अनुगमन प्रत्यक्ष फिल्डमा गई हुन सकेको छैन । स्थानीय समुदायस्तरमा गएको बेला यी कार्यक्रमको बारेमा छलफल गर्दा यी कार्यक्रमहरुको प्रभावकारीता सुधार गर्नु पर्ने देखिन्छ । यी कार्यक्रमहरु समुदायको माँगको आधारमा संचालन गर्न सके बढी प्रभावकारी हुने देखिन्छ । यसको साथै यी कार्यक्रमको खर्चको कुनै न कुनै रुपमा आन्तरिक नियन्त्रण प्रणालीको दायराभित्र ल्याउनु पर्ने देखिन्छ । फिल्डमा हुने हरेक क्रियाकलापको वारेमा वडा कार्यालयलाई अनिवार्य रुपमा बजेट सहितको सम्झौता पत्र या कार्यदिशको वारेमा जानकारी गराउनु पर्ने छ । सबै शाखा र वडा कार्यालयलाई अनुगमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी कार्यान्वयन गर्न गराउनको लागि सहयोगको अपेक्षा गर्दछौ ।

**प्रतिवेदन तयार गर्नेः**
नरहरि सिंह ठेकरे
अनुगमन समिति सचिव
मितिः २०८३।३।३२